मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २१२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १६ गते मंगलवार (Tuesday, June 30. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## पीसीआर ल्यावका लागि एकैदिन पाँच लाख ३६ हजार सहयोग जुट्यो



**बिर्तामोड, असार १५।** एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट मुलुकमै पहिलोपटक झापामा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने प्रयोगशाला पीसीआर ल्यावका लागि सोमबार एकैदिन पाँच लाख ३६ हजार दुई सय ८२ रुपैयाँ सहयोग जुटेको छ ।

विभिन्न संस्था तथा दाताहरुले सोमबार बिर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच उक्त रकम हस्तान्तरण गरेका हुन् । अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षता तथा समाजसेवी एवम् रुद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठान भद्रपुरका अध्यक्ष गंगाप्रसाद ओलीको प्रमुख आतिथ्यमा भएको समारोहकाबीच दाताहरुले सहयोग रकम हस्तान्तरण गरेका थिए । अमेरिकामा रहेका नेपालीहरुको संस्था मिसन रिबिल्ड नेपालको तर्फबाट दुई लाख रुपैयाँको चेक प्रमुख अतिथि ओलीले प्रदान गरेका थिए ।

त्यस्तै बिर्तामोडका युवा उद्योगी तथा व्यवसायी प्रदीप मित्तलले एक लाख एक हजार रुपैयाँ प्रदान गरे । त्यसैगरी मेचीनगर-७ इँटाभट्टा निवासी गोमादेवी मैनाली र मोहनकुमार भेटवालले आफ्ना पिता/ससुरा खड्गप्रसाद र माता गंगादेवी मैनालीको स्मृतिमा ७१ हजार एक सय ७१ रुपैयाँ प्रदान गरे । पिता तथा ससुरा खड्गप्रसादको प्रथम वार्षिक पुण्यतिथिको दिन पारेर भेट्वाल दम्पत्तिले उक्त रकम प्रदान गरेका थिए ।

त्यस्तै आफ्नी माता भक्तिमाया ओडारीको स्मृतिमा बिर्तामोड निवासी सुरेन्द्र-पुनम ओडारी, युवराज-रोजी ओडारी, गणेश-गितु ओडारीले ५१ हजार रुपैयाँ प्रदान गरे । सुरेन्द्र-पुनम ओडारीले उक्त रकम प्रदान गरेका थिए । त्यस्तै बिर्तामोड-२ चैतुबारी निवासी ९१ वर्षीय विष्णुप्रसाद ओलीले ५१ हजार एक सय ११ रुपैयाँ प्रदान गरेका छन् ।

त्यसैगरी वन पैदावार उद्योग व्यवसायी संघ झापाले ५१ हजार रुपैयाँ प्रदान गरेको छ । संघको तर्फबाट अध्यक्ष गोपाल खत्री, सचिव पुष्पराज दाहाल र कार्यालय सचिव योगेन्द्र सुवेदीले उक्त रकम हस्तान्तरण गरेका थिए । त्यस्तै डि एण्ड बी स्टोर्स बिर्तामोडका सञ्चालक एवम् लायन्स क्लव अफ बिर्तामोड सिटीका तृतीय उपाध्यक्ष दुर्गा थपलियाले ११ हजार रुपैयाँ प्रदान गरेका छन् । अभियानका संयोजक गिरी तथा सदस्यहरुलाई दाताहरुले रकम प्रदान गरेका थिए ।

अभियानको साझेदार संस्था बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले स्वागत गरेको कार्यक्रमको सहजीकरण पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले गरेका थिए ।

कार्यक्रममा अभियानमा साझेदार संस्थाका प्रतिनिधिहरु मदनगोपाल सुब्बा, नवीन कोइराला, गजेन्द्र पौडेल, कुमारमणि पोखरेल, सजेश शिवाकोटी, प्रकाश शिवाकोटी, मनोज बुढाथोकी, मिजास पोखरेल, शिव कँडेल, प्रवीण खड्का, अर्जुन चुडाल, गोपाल ओली, सञ्जीव घिमिरे लगायतको सहभागिता रहेको थियो ।

सरकार-समुदाय-सहकारीबीच साझेदारीको नमूनाको रुपमा साउन १ गतेबाट ल्याब सञ्चालन हुने गरी सम्पूर्ण तयारी पूरा गरेर प्रदेश सरकारलाई हस्तान्तरण

(बाँकी अन्तिम पृष्ठमा)

# रोपाइँका बेला सँधै मल अभाव

**झापा, असार १५।** सरकारले किसानका लागि पर्याप्त मल उपलब्ध गराउन नसक्दा झापाका किसान भारतीय मल प्रयोग गर्न बाध्य छन् ।

कोरोना भाइरसको बढ्दो संक्रमणका कारण नेपाल र भारतबीच सीमा नाका बन्द छ । लकडाउन खुकुलो भए पनि नेपाल र भारतबीचमा सहज रुपमा आवागमन हुन सकेको छैन । तर, यहाँका किसान तस्करले भारतबाट ल्याएको मल खरिद गर्दै खेती गर्न बाध्य छन् । सरकारले कृषकका लागि पर्याप्त मल उपलव्ध गराउने भने पनि किसानको माग बमोजिमको मल उपलव्ध गराउन नसकेपछि यहाँका किसान तस्करीको मल महंगो शुल्कमा तिरेर खरिद गर्न बाध्य छन् ।

असार लागेसँगै झापामा रोपाइँको चटारो छ अहिले । यो बेला रासायनिक मलको आवश्यकता हुन्छ । खेतमा आवश्यक पर्ने युरियासहितको रासायनिक मल नपाउँदा किसानले तस्करीको मल किनेर खेत रोप्न बाध्य यहाँका अधिकांश किसान । तस्करी गरेर भारतबाट नेपाल ल्याइएको रासायनिक मल तेब्बर मूल्यमा किन्न बाध्य भएको किसानको गुनासो छ ।

धान रोप्ने मुख्य सिजनमा जिल्लाका पूर्वी मेचीनगर, बाहुण्डागी, ज्यामिरगढी र दक्षिणी कचनकवल, टाघनडुब्बा, गौरीगञ्ज लगायतका सीमावर्ती क्षेत्रका किसानले महंगो मै मल किनेर भए पनि रोपाइँ थालेका छन् ।

सरकारले समयमा रासायनिक मल उपलब्ध गराउन नसक्दा किसानले प्रतिबोरा ९ सय रुपैयाँमा युरिया मल किन्न बाध्य भएका छन् । यहाँ व्यवसायिक रुपमा भाडामा जग्गा लिएर समेत धान खेती गरिँदै आएको छ । यसरी जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई महंगोमा रासायनिक मल किन्नुपर्दा समस्या परेको छ ।

कचनकवलका कृषक चन्द्र खतिवडाले तस्करीको मल किन्नुपर्दा मारमा परेको बताए । 'हामी व्यावसायिक कृषकको त यस्तो हाल छ । अरुको के कुरा गर्नु ?'- उनले भने- 'लकडाउनमा पनि तस्करीकै मल किन्नुपर्छ, त्यसमा पनि




२४ सय रुपैयाँ हालेर मल किन्दा कसरी धान्न सकिएला ?'

सरकारले नारामा कृषिलाई व्यवसायीकरण गर्ने भने पनि कृषकका समस्या समाधान गर्न अघि नसरेको खतिवडाले बताए । उनले भने- 'अब धान रोपिएन भने ढिला हुन्छ । महंगोमै किनेर भए पनि खेत रोप्नुपर्ने अवस्था आयो ।'

मल आपूर्तिमा सरकारले हरेक वर्ष उदासिनता देखाउने गरेको छ । किसानले समयमा मल किन्न नपाउँदा धान रोपेर जीवन गुजारा गर्न गाह्रो हुने अर्का किसान निलकुमार अधिकारीले बताए । उनले भने- 'लकडाउनका बेला भारतीय मलको महंगो मूल्य तिर्नुपर्छ । अर्कातिर मल किन्दा कोरोना पनि भित्रिने हो कि भन्ने डर हुन्छ'- उनले भने ।

अर्का कृषक तुलाराम अधिकारीले पनि समयमा युरिया मल नपाउँदा किसानहरु समस्यामा परेको बताए । उनले डीएपी र पोटासजस्ता रासायनिक मल केही मात्रामा उपलब्ध भए पनि युरिया मल नपाइएको गुनासो गरे ।

'सरकारी मल नपाएपछि किलोको ६० देखि ७० रुपैयाँसम्म

(बाँकी अन्तिम पृष्ठमा)

## प्रदेश १मा २१% धान रोपाइँ

**झापा, असार १५।** मनसुनको सक्रियतासँगै प्रदेश नं. १मा अहिलेसम्ममा २१ प्रतिशत धान रोपाइँ भएको कृषि निर्देशनालय विराटनगरले जनाएको छ ।

मौसम अनुकूल छ, वर्षा भइरहेको छ, किसानको खेत र बीऊ तयार अवस्थामा रहेकोले एक साताभित्रै रोपाइँको प्रतिशत उल्लेख्य वृद्धि हुनेछ- निर्देशनालयका निमित्त निर्देशक प्रकाश डाँगीले भने ।

यस प्रदेशमा अहिलेसम्म ३७ प्रतिशत मात्र सिञ्चाइ सुविधा पुगेको छ । सिञ्चाइ सुविधा नभएका क्षेत्रका किसानले कुलोपैनी, वर्षा, बोरिङको भरमा खेती गर्ने गरेका छन् ।

यस प्रदेशमा तीन लाख ४० हजार ८ सय २९ धान लगाउने क्षेत्रफलमा गत वर्ष एक लाख ९३ हजार ३ सय ९८ हेक्टरमा धान लगाइएको थियो । समग्रमा गएको वर्षमा यस प्रदेशमा ५६ दशमलव ७४ प्रतिशत रोपाइँ भएको थियो । वरिष्ठ कृषि विकास अधिकृत मेघनाथ तिम्सिनाले मनसुनको सक्रियता बढ्दा किसानको अनुहार हँसिलो हुने र रोपाइँ पनि समयमै गर्न सकिने भएकोले उत्पादनमा पनि वृद्धि हुने विश्वास व्यक्त गरे ।

देशभरमा यो अवधिमा गत वर्षको तुलनामा यस वर्ष ८ प्रतिशत बढीले धान रोपाइँ भएको छ । गत वर्षको यही अवधिको तुलनामा यसपाली साढे ८ प्रतिशतले बढी रोपाइँ भएको हो । कृषि विभागका अनुसार मूलुकभर २० प्रतिशतभन्दा बढी रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा साढे ११ प्रतिशत मात्र

(बाँकी अन्तिम पृष्ठमा)

## पाँचथरमा सुँगुरपालन व्यवसायप्रति उत्साह



युद्धबहादुर बोहोरा

**पाँचथर, असार १५।** जनजाति समुदायको बाहुल्यता रहेको पाँचथर जिल्लाका अधिकांश घरधुरीहरुमा सुँगुर पालेर मासु तथा पाठा उत्पादन गरी बिक्री गर्ने परम्परागत चलन रहेको छ ।

सुँगुर तथा बंगुरपालन व्यवसायमा आधारित यस क्षेत्रको आम्दानीको मुख्य स्रोत जुटाउन यो पेशाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । आजभोलि वैदेशिक रोजगारबाट फर्किएका धेरै युवा गाउँघरमा पशुपालन व्यवसायतर्फ जुट्न थालेपछि उत्पादन बृद्धि भएको छ ।

यहाँ उत्पादन भएका पाठाहरु इलाम तथा झापाका विभिन्न कृषि सहकारी संस्थाहरुबाट किसानलाई वितरण गर्न उनीहरुको व्यापारीसँग माग बढेसँगै व्यापारीहरु दिनहुँ घर-घरमै खरिद गर्न आउने गरेको स्थानीय बासिन्दाहरु बताउँछन् ।

विगत १० वर्ष अघिदेखि यो पेशा गर्दै आएका फाल्गुनन्द-५, फाक्तेप प्रयास बंगुर फर्मका सञ्चालक कन्काई नेम्वाङ भन्छन्- 'विदेश जाँदा साहुको ऋण लिएर गएको थिएँ, कमाई नभएर फर्केपछि आफ्नो जग्गा बेचेर साहुको ऋण बुझाएँ । त्यसपछि पुनः कर्जा लिएर आफ्नै गाउँघरमा पेशा शुरु गरेर पाँच लाख रुपैयाँभन्दा बढी वार्षिक आम्दानी गर्न थालेको छु ।'

आम्दानीबाट छोराछोरीको पठनपाठन र घर खर्च पुग्ने उनले बताए । भेटेरिनरी अस्पताल पाँचथरको युवा लक्षित पशु विकाश अन्तर्गत दुई लाख ५० हजार अनुदान कार्यक्रममा उनको फर्म छनौटमा परेकोले हाल आधुनिक खोर निर्माण गर्दै गरेको उनले बताए ।

त्यस्तै, लामो समयसम्म साउदी अरब, युएई, मलेशिया र कतारमा सुपरभाइजर/फोरमेन काम गरी स्वदेश आएर चेम्जोङ कृषि फर्म सञ्चालन गरेका अर्का व्यवसायी राजेश चेम्जोङ एउटा सुँगुरबाट वार्षिक ६० हजारसम्मको आम्दानी

(बाँकी अन्तिम पृष्ठमा)

## झापाका १४ पालिका बाढीबाट प्रभावित

**झापा, असार १५।** झापाका १५ स्थानीय तहमध्ये १४ पालिका जिल्लाका मुख्य नदीनालामा पानीको बहाव बढेसँगै प्रभावित हुने नेपाल रेडक्रस सोसाइटी झापाले जनाएको छ ।

झापा भएर बग्ने साना-ठूला २८ नदीनालामध्ये मुख्य नौ वटा नदीले दमक नगरपालिका बाहेकका पालिकामा प्रभावित पार्ने रेडक्रसको तथ्याङ्कले देखाएको छ । बाढीबाट ती पालिकाका बासिन्दा समस्यामा परेमा विभिन्न क्षेत्रका स्कूल, सामुदायिक भवन, रेडक्रस, मन्दिर लगायतका भवनलाई आश्रयस्थलको रुपमा समेत तोकिएको रेडक्रसको तथ्याङ्कमा उल्लेख छ ।

लगातार वर्षा भइरहेकाले पानीको बहाव बढेमा बिरीङ, कनकाई माई, रतुवा, मेची, निन्दा, देवनिया, फुलवासा, हडिया, टाङटिङ, नेते, कमल र बनियानी नदीले बढी क्षति गर्ने नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा झापाका अध्यक्ष लोकराज ढकालले बताए ।

त्यसैगरी झापाका नदीनालाहरुमा पानीको बहाव बढेमा बाढीबाट तीन हजार आठ सय तीन परिवारका १८ हजार आठ सय १० जना प्रभावित हुने नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जनाएको छ । रेडक्रसले तयार पारेको तथ्याङ्कमा बाढीबाट प्रभावित हुनसक्ने आठ पालिकामध्ये सबैभन्दा बढी झापा गाउँपालिकाका आठ सय ५० परिवारका चार हजार दुई सय जना प्रभावित हुने देखिएको छ ।

यस पालिकाका वडा नम्बर १, २, ३, ४ र ७ का बासिन्दा बढी प्रभावित हुने बताइएको छ । रेडक्रसले बाढीको उच्च जोखिममा रहेका गौरीगञ्ज गाउँपालिकाका वडा नम्बर १ र २ बाट चार सय ५२ परिवार, कचनकवल गाउँपालिकाका सबै वडाबाट सात सय ५०, भद्रपुर नगरपालिकाको १, २, ८ नम्बर वडाका

(बाँकी अन्तिम पृष्ठमा)

## यौन दुर्व्यवहारका आरोपित आफैं प्रहरीमा

**बिराटनगर, असार १५।** दुई विद्यार्थीलाई यौन दुर्व्यवहार गरेको आरोप लागेका एक व्यक्ति प्रहरी समक्ष आफै उपस्थित भएका छन् ।

मोरङ्को एक मदर्सामा अध्ययन गर्ने दुई छात्रालाई यौन दुर्व्यहार गरेको आरोप लागेपछि फरार भएका बिराटनगर-८का अमरुद्दिन मियाँ छ महिनापछि प्रहरीमा हाजिर भएका हुन् ।

मदर्सा अजमा मुस्तिमाका मौलाना समेत रहेका मियाँले पढ्न गएको समयमा १३ र १४ वर्षीया दुई बालिकालाई ढोका थुनेर यौन दुर्व्यवहार गरेको आरोप लागेको थियो । उनी आफै मोरङ प्रहरीको सम्पर्कमा पुगका हुन् ।

(बाँकी अन्तिम पृष्ठमा)

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





## पीसीआर ...

गरिने अभियानका संयोजक गिरीले जानकारी दिए ।

एकका लागि एक अभियानका साझेदार संस्थाहरुबीचको शनिवार सम्पन्न बैठकले सरकारलाई कोभिड-१९ महामारी नियन्त्रणमा सहयोग पुर्‍याउन ०७७ साउन १ गतेबाट ल्याब सञ्चालन हुने गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिसकेको छ ।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री जीवन घिमिरेसँगको बैठकको निर्णय अनुसार कनकाईको कोटीहोमस्थित समर्पण भवनमा अभियानको अगुवाईमा सरकारी मापदण्ड अनुसारको ल्याब स्थापना हुनेछ । मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी ल्याबका लागि अनुमति, व्यवस्थापन र सञ्चालनको जिम्मेवारी भने प्रदेश सरकारले लिने सहमति भइसकेको छ । उक्त कार्यका लागि सम्पूर्ण प्रक्रिया अगाडि बढाउँदै तत्काल आवश्यक काम पूरा गरी प्रदेश सरकारलाई ल्याब हस्तान्तरण गर्ने समेत बैठकले निर्णय गरेको छ ।

सहारा नेपालसहित अढाई दर्जन संस्थाको साझेदारीमा अघि बढेको एकका लागि एक अभियान, अन्तर्राष्ट्रिय झापाली समाज, सहकारी अभियान र कनकाई नगरपालिकाको संयुक्त लगानीमा एक करोड २० लाख रुपैयाँभन्दा बढीको लागतमा अत्याधुनिक पीसीआर ल्याव सञ्चालन हुनेछ । ल्यावका लागि हालसम्म ९० लाख रुपैयाँभन्दा बढी रकम जुटेको अभियानका सहसंयोजक विनोद बस्नेतले जानकारी दिए ।

# ‘सलहको संख्या बृद्धि हुने सम्भावना न्यून’

**झापा, असार १५।** अण्डा पार्ने र बच्चा हुर्काउन आवश्यक वातावरण नभएका कारण नेपाल प्रवेश गरेका सलह किराको संख्या वृद्धि हुने सम्भावना न्यून रहेको छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका किट विज्ञान विभागकका प्रमुख प्रा.डा. सुन्दर तिवारीका अनुसार सो प्रजातिका किरालाई अण्डा पार्न वालुवाले ढाकेको ठूलो क्षेत्र र गर्मी मौसम आवश्यक पर्दछ । उनले भने- त्यस्तो ठाउँ नेपालमा छैन । यस दृष्टिकोणले सो किरा फैलिने सम्भावना कम रहेको छ ।

वातावरणीय प्रभावका कारण थप अनौठो नभएमा सलह उपयुक्त प्रजनन् क्षेत्रतर्फ फर्किने अनुमान समेत गरिएको छ । उनले भने- नेपालमा ती किरा फट्याङ्ग्रा भारतको राजस्थानबाट आएको हुन सक्छ । प्रजननका लागि यो पुनः त्यही फर्किने सम्भावना छ ।

अफ्रिकाबाट सात हजार किलोमिटर पार गरेर किरा आएको जस्तो नदेखिएको र अहिले आएका ती किरा भारतको सो क्षेत्रकै भएको विज्ञले औल्याएका छन् । अहिले नेपालमा आएका सलह तेस्रो, चौथो र पाँचौं चरणका भएको उनको भनाइ छ । सलहको आयु छैटौं चरणसम्म हुने र ६ हप्ताको रहने बताइएको छ । सरसरर्ती हेर्दा अहिले आएका सलहमध्ये पाँचौं थप एक हप्ता, चौथो डेढ हप्ता र तेस्रो दुई हप्ता मात्रै रहने अनुमान छ ।

प्रजनन्का लागि वयस्क किरा फर्किने अनुमान गरिएको छ । उनले धेरै आत्तिनुपर्ने अवस्था नरहेको तर पूर्वतयारी गर्नुपर्नेमा उनको जोड थियो । उनका अनुसार सलह साधारण फट्याङ्ग्रा प्रजातिको नै हो । यसको सिंग छोटो हुन्छ । यसको पछाडिको खुट्टा दह्रो र मोटो हुन्छ । यो कीरा समूहमा बस्न मन पराउँछ । उनले भने- यसले जमिनको तल बालुवामा ६०-८० वटाको समूहमा अण्डा पार्दछ र यसको जीवनभरमा तीन पटकसम्म अण्डा पारेको रेकर्ड छ । १०देखि ६५ दिनमा अण्डाबाट बच्चाको स्वरुप लिन्छ ।

सलहका बच्चा १ देखि ३ महिनामा पूर्ण वयस्क हुने, वयस्क चारदेखि पाँच महिनासम्म बाँच्ने, वयस्क कीरा लामो समयसम्म हावामा उड्न सक्ने र पाँच हजार किलोमिटरको यात्रा केवल १० दिनमा गर्न सक्ने उनको भनाइ छ । सलह किरा एक ठाउँबाट अर्को ठाउँमा वा एक खेतबाट अर्को खेतमा गर्दै त्यहाँ उपलब्ध भएका सम्पूर्ण हरियो वनस्पतिहरु छोटो समयमा नै सखाप पारी खाइदिन सक्षम जीवको रुपमा लिइन्छ । एक दिनमा लगभग १३० किलोमिटरसम्म हुल बनाएर सलह हिड्ने बताइन्छ ।

संयुक्त राष्ट्र संघको कृषि तथा खाद्य सङ्गठनको तथ्याङ्क अनुसार साधारणतय सो कीराले प्रति दिन दुई ग्रामसम्म खान सक्छ र एक किलोमिटरको हुलमा हुने सलहको करिब चारदेखि आठ करोड संख्याले ३५ हजार जनालाई एक दिनमा पुग्ने खाना नष्ट गर्न सक्छ भनेर घोषणा गरेको छ ।

सलह बढ्नुमा हाल भएको जलवायु परिवर्तनलाई महत्वपूर्ण कारण ठानिएको छ । यिनिहरुको जनसंख्या आठ हजार गुणासम्म बढेको बताइन्छ । विगतमा पनि यसरी सलहको बढोत्तरी हुने गरेको पाइएको छ । वातावरणमा भएको सुख्खापनले यिनीहरुको जनसंख्या ह्वात्तै बढेको र यसको प्रकोप लामो समयसम्म रहने र बढोत्तरी छिटो छिटो भएको जनाइएको छ ।

कतिपय देशले सहल नियन्त्रण गर्न हेलिकप्टरको सहायताले विषादी प्रयोग गरेको बताइन्छ । हाल प्रयोगमा आएका विषादीमा मालाथिएन र फेनिट्रोथियन प्रमुख छन् । वातावरणीय एवम् स्वास्थ्यको दृष्टिकोणले राम्रा छैनन् तापनि बालिनाली जोगाउन सलह नियन्त्रणका लागि विषादि नै उपयुक्त ठहरिएको उनी बताउँछन् । तर विषादि प्रयोग गरिसकेपछि ती खाद्यान्न बालीमा विषादिको पर्खनुपर्ने अवधिलाई मध्यनजर गरी वाली भित्र्याउनुपर्दछ । विषादी प्रयोग गर्दा सकेसम्म सुरक्षित, सागुरा-प्रकृतिका एवम् सिफारिस मात्रामा छर्नुपर्दछ । उनले सुझाव दिए - विषादि छर्ने व्यक्तिले आफ्नो शरीरलाई पूर्णरुपमा ढाकी मुखमा मास्क र चश्मा लगाएर मात्र छर्नुपर्दछ । घरायसी प्रयोगमा लगाइने बालीलाई जालीले एवम् अलि ठूलो बारले ढाकेर राख्नुपर्दछ ।

## रोपाइँका ...

तिरेर तस्करीको मल किन्नुपरेको छ, योभन्दा बिजोग के होला !’- उनले भने । रासायनिक मल वितरणको जिम्मा लिएको कृषि साम्रगी कम्पनी लिमिटेड र साल्ट ट्रेडिङमा अहिले युरिया मलको स्टक छैन । लकडाउनका कारण युरिया लगायत अन्य रासायनिक मल कलकत्ता बन्दरगाहमा रोकिएको बताइन्छ ।

कृषि सामग्री कम्पनी लिमिटेड विर्तामोडका प्रमुख चन्द्रप्रसाद चम्लागाँईले लकडाउनले गर्दा समयमा भारतबाट मल ल्याउन नसकिएको स्वीकारे । डीएपी र पोटास मल केही मात्रामा झापाका कृषकलाई वितरण गरिएको तर युरिया मल आउन अझै समय लाग्ने उनले बताए । ‘लकडाउनका कारण मल ल्याउन समस्या भइरहेको छ, कहिलेसम्म आइपुग्छ, यसै भन्न सकिने अवस्था छैन’- चम्लागाँईले भने ।

देशभर रोपाइँको चटारो चलिरहँदा रासायनिक मलको भने अभाव यथावत छ । कृषि सामग्री केन्द्रले मात्र झापाका विभिन्न सहकारी संस्थामार्फत किसानसम्म रासायनिक मल पठाउने गरेको छ । स्थानीय निकायले अनुगमन गर्दा सहकारी संस्थाहरुले आफूखुशी मल बाँड्दा लक्षित किसानसम्म नपुगेको बताएका छन् ।

झापामा मात्र ९० हजार हेक्टर क्षेत्रफल जमिनमा धान खेती गर्ने गरिन्छ । विगतका वर्षभन्दा यस वर्ष रासायनिक मलको माग बढी भएकाले पनि समयमा मल उपलब्ध गराउन नसकिएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

कोरोना संक्रमण रोकथामका लागि गरिएको लकडाउनका समयमा समेत तस्करी गरिएको भारतीय मल भने झापाका बजारमा निर्वाध रुपमा बिक्री हुँदै आएको छ । सरकारले आवश्यक मल आपूर्ति गर्न नसक्दा तस्करकै भरमा ‘अन्नका भण्डार’का रुपमा चिनिँदै आएको झापामा धानखेती धान्नुपर्ने अवस्था देखिएको छ । झापामा गतवर्ष पनि खेतीको समयमा रसायनिक मल अभाव भएको थियो । मकै खेती गर्ने समयमा यहाँका किसानले सहकारीमार्फत विरगञ्जबाट मल खरिद गरेर ल्याएका थिए ।

## प्रदेश १मा ...

रोपाइँ भएको थियो । विभागका वरिष्ठ कषि अर्थविज्ञ तथा सूचना अधिकारी महादेवप्रसाद पौडेलले यस वर्ष १३ लाख ७१ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ हुने अनुमान रहेको बताए ।

यसैबीच आज असार पन्ध्र । मानो रोपेर मुरी फलाउने दिनका रुपमा पनि लिने गरिन्छ । असार पन्ध्रलाई दही चिउरा खाने दिनका रुपमा पनि लिने गरिन्छ । कतिपय ठाउँमा किसानले आजैका दिनदेखि रोपाई शूरु गर्ने गर्दछन् । हिलो खेल्दै खाजा खाने समयमा दही चिउरा खाएर असारे भाकाको गीतमा रमाउने पुरानो प्रचलन छ । दही र चिउराले शरीरमा ऊर्जा र शीतलता प्रदान गर्नुका साथै दही पाचन प्रणालीका लागि निकै राम्रो खाद्य पदार्थ भएकाले अरू बेला पनि दही खानु स्वास्थ्यवर्द्धक हुने विज्ञको भनाई छ ।

सरकारले २०६२ सालदेखि असार १५ लाई धान दिवसका रूपमा मनाउन थालेको छ । १७ औं धान दिवसका अवसर पारेर कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खुमलटारमा रोपाई कार्यक्रमको आयोजना गरेको छ । कोरोना भाइरस नेपालः प्रतिदिन १० हजार पीसीआर परीक्षण गर्ने योजना असफल, स्वास्थ्य मन्त्रालय भन्छ- ‘आवश्यक छैन’ ।

## पाँचथरमा ...

हुने साथै यसको मल बालीनालीमा प्रयोग गर्दा उत्पादनमा समेत बृद्धि हुनाले यो पेशामा आवद्ध भएको बताउँछन् । उनी भन्छन्- काम गर्ने राम्रो इच्छा शक्ति हुनुपर्छ नेपालमै आत्मनिर्भर बन्ने रोजगारीका प्रशस्त सम्भावना छन् । वैदेशिक रोजगारी भनेको क्षणिक आयस्रोतको माध्यम हो । विदेशबाट नेपाल आएर फर्मको थालनी गर्ने स्थानीय ठाउँका एक उदाहरणीय व्यावसायीको रुपमा उनी परिचित छन् ।

दानापानी पुग्दा वर्षमा दुई चोटीसम्म ब्याउने र एकपटकमा १० देखि १२ वटा बच्चा जन्माउने गर्दछ भने तीन महिनाभरमा करिब तीन हजारको हाराहरीमा बिक्री हुने गरेको उनले बताए ।

पाँचथर जिल्लाका विभिन्न ठाउँमध्ये कुम्मायाकको यासोक, मिक्लाजुङको रवि, फाल्गुनन्दको घुर्बिसे पञ्चमी, राँके र नवमी डाँडा जस्ता क्षेत्रमा लाग्ने हटियाबाट व्यापारीले जम्मा गरी भारतको दार्जिलिङ लाने गरेता पनि हाल कोरोनाको समस्याका कारण निकासी बन्द भएकाले गाउँ-गाउँमा नै युवाले सुँगुर पाल्न थालेका छन् ।

इलाम र पाँचथरको सिमानामा प्रत्येक महिनाको १३ र २९ गते लाग्ने १५ दिने हटियामा खसी, बोका, कुखुरा तथा दुई हजारभन्दा बढी सुँगुरपाठा किसानले बिक्री गर्न ल्याउने गरेको बजार व्यावस्थापन समिति सचिव टिका सम्वाहाम्फे लिम्बूले जानकारी दिए ।

यस भूगोलका बासिन्दाको आर्थिक मेरुदण्डको मुख्य पाटोको रुपमा कृषि पेशा अन्तर्गत बालिनाली र पशुपालबाट जिविकोर्पाजनको प्रमुख आधार भएकोले केन्द्र र प्रदेश सरकारको समन्वयमा फाल्गुनन्द गाँउपालिकालाई पकेट क्षेत्रको रुपमा बिस्तार गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्वाङले जानकारी दिए ।

## यौन ...

मोरङ प्रहरीका प्रहरी नायव उपरीक्षक मानबहादुर राईले उनलाई बालयौन दुर्व्यवहारको आरोपमा सात दिनको म्याद थप गरी अनुसन्धान शुरु गरिसकिएको जानकारी दिए । यौन दुर्व्यहार गरेको दावी गर्दै उनकाविरुद्ध प्रहरीमा दुईजना बालिकाले जाहेरी दिएका थिए । प्रहरीले जाहेरीसँगै बालिकाहरुको स्वास्थ्य परीक्षण प्रतिवेदन लगायतका कामहरु तत्काल गरेको थियो । घटना २०७६ माघ ७ र ८ गते घटेको हो ।

स्थानीय मो. सलिम मियाँका अनुसार अघिल्लो दिन बिहान एकजना बालिकालाई उनले यौनदुर्व्यहार गरेपछि भोलिपल्ट अर्की बालिका समेत त्यस्तै घटनामा परेकी थिइन् । घटनामा पीडित हुने बालिकाको संख्या बढ्दै गएपछि अभिभावकहरुले उनलाई कुटपिट समेत गरेका थिए । प्रहरीले छात्राहरुको जाहेरी दर्ता गरेसँगै मौलना मियाँलाई नियन्त्रण गर्न जाँदा उनी फरार भइसकेका थिए । उनले चलाउँदै आएको मदर्सा समेत उनी फरार भएकै दिनयता बन्द रहेको छ ।

यसैबीच उनी राजनीतिक पहुँचका आधारमा छुट्न सक्ने भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । उनले मदर्साका सबै कागजात समेत सँगै लिएर फरार भएका थिए । प्रहरीमा आउँदा उनले आफ्नाविरुद्ध जाहेरी पर्नुभन्दा एक महिना अगाडिदेखि नै नेपालमा नभएको बताएका छन् । मदर्सामा उनको हाजिरीसँगै बालिकाहरुको हाजिरी खाता समेत गायब गरेर प्रमाण नष्ट गरेको हुनसक्ने भन्दै स्थानीयले अनुसन्धानमा प्रहरी चुक्न नहुने बताउँदै आएका छन् ।

## झापाका ...

तीन सय, शिवसताक्षी नपाको वडा नम्बर ४, ५, ६, ७, १० का तीन सय ५०, मेचीनगर नपाको वडा नम्बर ७ र १५ का दुई सय, कनकाई नपाको चार वटा वडाहरुबाट दुई सय ५० र बाह्रदशी गाउँपालिकाका वडा नम्बर १, २, ३, ४, ६ र ७ का ६५० परिवार गरी जम्मा तीन हजार आठ सय १० परिवार छन् । नेपाल रेडक्रस सोसाइटी झापा शाखाका अध्यक्ष लोकराज ढकालले जिल्ला विपद् व्यवस्थापन समितिलाई सो बारे जानकारी गराइसकिएको बताए ।


कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणबाट बची विपन्न, गरीब तथा असहाय परिवारलाई सहयोग गरी ।

“एकका लागि एक”

एक परिवारले एक विपन्न परिवारलाई सहयोग अभियान

## PCR ल्यावको लागि सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७/०३/१५**

सरकार, सहकारी र समुदायको सहकार्यमा शुरु भएको एकका लागि एक अभियान अन्तर्गत झापा जिल्लाको कनकाई नगरपालिका स्थित समर्पण भवनमा पीसीआर ल्याव स्थापना गर्नको लागि तपशिलमा उल्लेखित समान खरिद गरि जडान गर्नुपर्ने भएकोले ईच्छुक आपूर्तिकर्ता/फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७७/०३/२१) भित्र यस अभियानको सचिवालय बिर्तामोड २,चारपाने झापामा आइ पुग्ने गरी शिलबन्दी दरभाउ-पत्र आव्हान गरिन्छ ।

आफूले उपलब्ध गराउने सामानको बिस्तृत बिवरणसहितको दरभाउ-पत्रका साथमा फर्म/कम्पनी दर्ता सम्बन्धि कागजात, VAT/PAN प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र समेत अनिवार्य समावेश गर्न हुन जानकारी गराइन्छ ।

**तपशिल**

| S.N. | Equipment Descriptor | Needed Quantity |
|---|---|---|
| 1 | Real time PCR(96 Well plate,CE/IVD/USFDA) | 1 |
| 2 | Bio safety cabinet (Class II A 2) | 2 |
| 3 | Laminar airflow | 1 |
| 4 | PCR hood | 1 |
| 5 | Refrigerated microcentrifuge(24/30 1.5/2ml) 15000 rpm | 2 |
| 6 | Quick Spinner (0.2ml PCR tube strips/1.5ml centrifuge tube) | 2 |
| 7 | Water bath | 1 |
| 8 | Autoclave (Automatic/ semi automatic) 75-100 ltr | 2 |
| 9 | Refrigerator -80 | 1 |
| 10 | Refrigerator -20 (Vertical) | 1 |
| 11 | Refrigerator Normal Double door | 2 |
| 12 | Vortex mixer | 2 |
| 13 | Micro pipette (0.5- 10µl, | 5 |
| 14 | Micro pipette 20-200µl, | 5 |
| 15 | Micro pipette 100-1000µl | 4 |

**शर्तहरु**
- १० दिनभित्रमा समान डेलीभरी गरि सक्नु पर्नेछ ।
- डेलीभरी सेवा, विक्री पश्चातको सेवा,ग्योन्टी, वारेन्टी, सामानको गुणस्तरीयाताका बारेमा प्रष्ट उल्लेख गर्नु पर्नेछ ।
- बोल पत्र छनौट गर्ने नगर्ने अधिकार समितिलाई हुनेछ ।

सम्पर्क : एकका लागि एक अभियान सचिवालय
**सहारा नेपाल**, बिर्तामोड-२, चारपाने झापा
सम्पर्क नम्बर :०२३५४११९८, ०२३-५४३४०८, ९८०१९२०५००
ईमेल : matrikasubedi213@gmail.com, gp_bhattarai2005@yahoo.com



## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ (नेपाल)को

## सूचना

मितिः २०७७।०३।०४

अर्जुनधारा नगर कार्यपालिकाको बैठक नं. १७ को निर्णय नं. ०७ बमोजिम देहायका समयमा नगर क्षेत्रका मुख्य सडकहरुमा गुड्ने टिपर ट्याक्टर लगायत मालबाहक सवारी साधन बिहान ९ देखि १०, दिउँसो ३:३० देखि ४:३० तथा रातको समय ९ बजेदेखि बिहान ५ बजेसम्म गुड्न रोक लगाएको छ ।

अनपा कार्यपालिकाको बैठक नं. ५५ को निर्णय नं. १ अनुसार निषेधित नदीजन्य सामग्री उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनलाई तोकेबमोजिम जरिवानासहित प्रथमपटक पक्राउमा १ दिन नियन्त्रण, दोस्रोपटक पक्राउमा ७ दिन नियन्त्रण र तेस्रो पटक पक्राउमा भाद्र मसान्तसम्म सवारी साधन नियन्त्रण र सोमा भएको सामान जफत हुने सूचना सरोकारवालामा जानकारी गराइन्छ ।

**अर्जुनधारा नगरपालिका**



## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

**बिर्तामोड नगरपालिका**



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# शक्ति र सामर्थ्य देशको हितमा लगाऔं

प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक अभिव्यक्ति दिँदै आफूलाई पदबाट हटाउन भारतीय चलखेल भएको आरोप लगाएका छन् । झण्डै दुईतिहाईको बलमा उभिएका प्रधानमन्त्री ओलीले दिएको यो अभिव्यक्तिले अहिले उनको दल र समग्र राजनीतिमा तरंग ल्याएको छ । संविधानतः उनी पूर्ण कार्यकालका प्रधानमन्त्री हुन् । उनको दलले सर्वसम्मत चुनेको र त्यो दलमा विभाजन वा विखण्डन नआउँदासम्म कुनै आँधीले पनि उनलाई डगमगाउन सक्दैन । कथम्कदाचित त्यस्तो अवस्था आए सत्तारुढ दल नेकपा कै आन्तरिक द्वन्द्व जिम्मेवार हुन्छ। किनकि यसपटक विगतको जस्तो त्रिशंकु सरकार छैन र संसदमा धेरै दलहरू पनि छैनन् । घटनाक्रमले भने उनी आफ्नै दलभित्र आलोचित र विवादित हुन थालेका छन् । अमेरिकी सहयोग संस्था मिलेनियम च्यालेन्ज कर्पोरेशन (एसीसी) विषयले सत्तारुढ दल स्वयम् दुई ध्रुवमा बाँडिएको छ । जुन ध्रुवीकरण नेताहरुकै अभिव्यक्तिले प्रमाणित गरिरहेकै छ ।

राजनीतिक स्थिरतासहितको पूर्ण बहुमतको वर्तमान सरकार इतिहासकै बलियो सरकार हो । सरकार यदि यस्तो बेला पनि असफल भयो वा हुन्छ भने यसको अपजस न मतदाता हुने छन् न प्रतिपक्षी दल वा तेस्रो कुनै कारण । स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न मुलुकको पूर्ण बहुमतको निर्वाचित प्रधानमन्त्रीले आफूविरुद्ध चलखेल भएको भन्नु कमजोरी मात्र हुनसक्छ । कुनै सुनामीले समेत हलचल नहुने गरी प्राप्त जनमत र विश्वास कमजोर भयो भने त्यो केवल सरकारको नेतृत्वकर्ता र उनको टोलीको मात्रै हुन्छ । अरुलाई औँला देखाएर आफ्नो कमजोरी लुकाउन खोज्नुले न व्यक्तिगत लाभ हुन्छ न त मुलुकको हितको रक्षा हुन्छ । देश यसै पनि भूमि अतिक्रमण को पीडामा छ । तीनतिर सीमाना जोडिएको भारतले अतिक्रमण गरेको सम्पूर्ण भूमि फिर्ता गर्नु प्रधानमन्त्री समक्ष चुनौतिका रुपमा रहेको छ भने एमसीसी प्रकरण, त्यसयता उत्पन्न कोरोना संक्रमण, नक्सा प्रकरण हुँदै अहिलेको 'चलखेल' प्रकरण सत्ता जोगाउने हतियार त होइन टिप्पणी हुन थालेको छ ।

आफूलाई आफ्नै भित्रबाट अप्ठ्यारो परेपछि विषयान्तर गर्ने कतिपयको मौलिक विशेषता हुन्छ । प्रधानमन्त्रीलाई यस्तै अवस्था आइलागेको हो अथवा आशंका पनि हुन थालेको छ । भारतसँग अतिक्रमित भूमि फिर्ता लिन राजनीतिक र कुटनीतिक क्षमता देखाउनुपर्ने बेलामा कूटनीतिलाई आवेश, उत्तेजनामा होइन मर्यादित र शिष्ट ढंगले अघि बढाउनुपर्छ भन्ने आफ्नै अभिव्यक्तिविरुद्ध कसरी प्रस्तुत भए उनी आश्चर्यको विषय भएको छ । यसअघि कोरोना भाइरसका सन्दर्भमा उनको अभिव्यक्तिका कारण भारतीय सञ्चारमाध्यमहरुले नेपालविरुद्ध विषबमन गर्ने मौका पाएका थिए ।

प्रधानमन्त्री जनता प्रतिपक्षी दलहरु र संविधान अनुसार पूर्ण सुरक्षित छन् । उनलाई लिम्पियाधुरालाई समेटेर जारी गरेको नेपालको नक्सामा समावेश गर्दा संसदले पूर्णरुपले साथ दिएको थियो । प्रमुख प्रतिपक्षी लगायत संसदमा प्रतिनिधित्व गर्ने दलहरुले देशभक्तिको विषयमा उनको प्रस्तावलाई खुलेर समर्थन गरे । त्यसयता भारत सरकार भने चिढिएकै छ, त्यहीकारण पटक–पटकको वार्ता प्रस्तावलाई उसले स्वीकार गरेको छैन । तर, सरकार चलाउने उनको शैलीबाट उनकै दलका नेताहरु असन्तुष्ट रहेको जगजाहेर छ । यस्तो अवस्थामा आन्तरिक असमझदारी हटाउनुको साटो भारतसँग जोडेर विषयान्तर गर्नु उनको हितमा नहुन सक्छ । सरकार सञ्चालनमा मनलाग्दी गरेको, पार्टीसँग समन्वय नगरेको भन्दै उनलाई प्रधानमन्त्रीबाट हटाउने खेल चलेको आम चर्चाकै विषय हो । नेपालका लागि भारतीय राजदूत समेत चलखेलमा लागेको आरोप लगाउने प्रधानमन्त्रीले उनलाई साइजमा ल्याउनुपर्थ्यो ! आफ्नै दलभित्रको असन्तुष्टिलाई सम्बोधन गर्नुपर्थ्यो । आफ्नो कार्यशैली सुधारेर असन्तुष्ट व्यक्ति र समूहलाई विश्वासमा लिएर देशको हितको रक्षा गर्नु उनको महानता हुनसक्छ । 'वाला नं रोदनं बल'को शैलीले देशको कल्याण हुँदैन ।

# नोकर होइन मालिक बनौं



रामचन्द्र उप्रेती

धेरै नेपाली युवा काम र जागिरको खोजीमा भौतारिएको र विदेशसम्म पुग्ने गरेको अवस्था छ। हाम्रो समाजमा जागिर खानेको उच्च सम्मान छ। जागिर खानेले धेरै जोखिम लिनु पर्दैन। काम दिनेले अराएको र देखाएको गरे पुग्छ। त्यसमा पनि सरकारी काम र अन्य क्षेत्र (सहकारी, निजी, अन्य)को जागिरमा फरक देखिने गरेको छ। सरकारी जागिर सम्मान धेरै र जिम्मेवारी कम हुने जस्तो देखियो। काम गरे पनि भयो पन्छाउँदा पनि भयो।

सरकारी कर्मचारीले विवेक प्रयोग गरेर राम्रो काम गरे, जिम्मेवारी सम्झिए भने ठिकै छ, सम्झेनन् वा गरेनन् भने पनि तलब भत्ता रोकिँदैन। जागिर गुमाउनु पर्दैन। तर, निजी क्षेत्र र सहकारीमा काम नगर्दा जागिर जोगाउन मुस्किल पर्छ। त्यसैले त्यहाँ जागिर जोगाउने गरी सिमित काम गरे पुग्छ। त्यसैले होला धेरै मानिस जागिर खानै मरिहत्ते गर्छन्। अभिभावक पनि छोराछोरी जागिरे भएको हेर्न चाहन्छन्।

उद्यमशिलतामा अर्थात् आफ्नो निजी पेसा व्यवसायमा लागेका मानिसले जागिरेले जतिमात्रै काम गरेर पुग्दैन। तिनले बढी काम गर्नुपर्छ र धेरै जोखिम लिनुपर्छ। जसले धेरै काम गर्न र जोखिम लिन सक्छ त्यो मात्रै उद्यमी बन्न सक्छ। पहिला जागिर खोज्ने र जागिर नपाए मात्रै व्यवासायमा लाग्ने मानिसले व्यावसायमा सफलता पाउन हम्मे-हम्मे पर्छ। पहिले जागिर खाएका तर व्यवसाय गर्ने उद्देश्य बोकेका मानिसले जागिरबाट अनुभव लिएर व्यवसाय गर्दा सफल भएका धेरै उदाहरण भेटिन्छन्।

उद्यमशिलता एउटा चरित्र हो। जोसँग जागिरे चरित्र छ त्यो उद्यमी बन्न कठिन छ। यदि हामी कोही उद्यमी बन्न चाहन्छौं भने पहिला उद्यमी चरित्रको आवश्यकता पर्छ। यो हेर्दा, सुन्दा सामान्य लाग्छ, तर व्यवसायमा सफल हुने वा नहुने भन्ने कुरामा यसले ठूलो अर्थ राख्छ।

म यहाँ एउटा सानो उदाहरण राख्छुः राम र अमित छिमेकी हुन्। गाउँको स्कूलमा पढदादेखिका साथी। पढाई सकेर दुबैले शहरमा एउटै कम्पनीमा काम शुरु गरे। दुबैको काम अलग-अलग बजारमा गएर कम्पनीका सामान बिक्री गर्नु थियो। रामले यो काममा निकै प्रगति गर्‍यो। कम्पनीले सोचेभन्दा राम्रो काम गरेको थियो। अमितले पनि काम त राम्रै गर्‍यो, तर रामको जतिको धेरै गर्न सकेको थिएन। कम्पनीले अमितलाई पनि नराम्रो मानेन। दुबैको सेवासुविधा बराबरी थियो। रामले अमितको भन्दा धेरै काम गर्ने भएकाले उसले बढी समय लगाउने नै भयो। रामको बिक्री धेरै थियो। रामले नयाँ-नयाँ ग्राहक पनि बनायो। रामसँग सबै ग्राहक सन्तुष्ट थिए। ग्राहकलाई सन्तुष्ट पार्न र कम्पनीको बढीभन्दा बढी बिक्री गर्न राम सधैं तयार हुन्थ्यो र गर्थ्यो पनि। राम बढी काम गरेर नै सन्तुष्ट थियो। मैले धेरै काम गरेको छु भन्ने अहम्ता कहिल्यै राखेन। उता अमितलाई लाग्थ्यो मैले कम्पनीले दिएको जिम्मेवारी पूरा गरेकै छु। समयसम्म काम गरेकै छु। नराम्रो केही भएको छैन। ऊ पनि सन्तुष्ट थियो। एकदिन अचानक रामले कम्पनीको जागिरबाट राजीनामा दिए। अमितले अचम्म मान्यो। जागिर नछाडन सम्झायो। कम्पनीले रामलाई बोलाएर सोध्यो किन जागिर छाड्छौं। रामले आफ्नै काम शुरु गर्ने भनेर जवाफ दिए। कम्पनीले सुविधा बढाउने बचन दियो। तर, रामले राजीनामा फिर्ता लिएनन्।

रामले कम्पनीको जागिर छाडेर आफ्नै व्यवसाय शुरु गरे। व्यवसाय शुरु गर्दा उनले धेरै नै मेहनत गर्नुपर्‍यो। धेरै समय काम गरे। जोखिम लिए। ऋण लिए। अमितलाई लाग्यो रामले यति राम्रो र आनन्दको जागिर छाडेर दुःख बिसायो। रामलाई सजिलो थिएन, तर उसले कहिल्यै हरेस खाएन। रामको व्यवसाय बढ्दै गयो। उसले कम्पनी नै बनाएर व्यवसाय अगाडि बढायो। कम्पनीको व्यवसाय विस्तार हुँदै गयो। कर्मचारी थपिँदै गए। रामको पहिचान बदलियो। ऊ अब कम्पनी मालिक भयो। उसको धन, ख्याती र प्रभाव बढ्दै गयो।

अमित र राम पुराना साथी। भेट भई रहन्थ्यो। एकदिन अमितले भन्यो राम तिमी निकै भाग्यमानी रहेछौं। आज तिमी पनि मालिक भयौ। रामले गमेर भन्यो अमित म हिजो पनि मालिक थिएँ र आज पनि। अमितले बुझेन। सोध्यो कसरी ? हिजो त तिमी र म सँगै कम्पनीमा काम गरेको होइन। कम्पनिको मालिक त अरु नै थिए।

रामले भने अमित मालिक हुनु भनेको धन मात्रै होइन त्यो त चिन्तन र चरित्र हो। म हिजो अर्कैको कम्पनीमा काम गर्दा पनि आफूलाई मालिक नै सम्झन्थैं र मालिक जस्तै काम गर्थें। मैले कहिल्यै सोचिन कि म यो कम्पनीमा जागिर खाँदैछु भनेर। मैले सधैं सोच्ने गर्थें म यहाँ मालिक हुँ र म मेरो आफ्नै काम गर्दैछु। तिमीलाई थाहा छ त्यो बेला म तिमीभन्दा धेरै समय काम गर्थें र धेरै बिक्री गर्थें। म त्यो बेला पनि ग्राहकलाई पूर्ण सन्तुष्ट बनाउन पुरै कोशिस गर्थें। किनकि म आफूलाई मालिक नै ठान्थैं। आज पनि म त्यही गर्छु, त्यही ठान्छु, त्यसरी नै काम गर्छु। फरक के मात्रै भएको छ भने हिजो म अरुको मातहतमा बसेर काम गर्थें आज मेरो मातहतमा अरुले काम गर्छन्। मालिक त म हिजो पनि थिएँ र आज पनि छु। अमित केही नबोली हिँडे।



हाम्रो समाजमा धेरै मानिस विशेष गरी युवाहरु मालिक हुने सोच राख्दैनन्, आफूलाई मानसिकरुपमा पुरै नोकर बनाउँछन् र जागिरको खोजीमा भौतारिन्छन्। तिनले हत्तपत्त जागिर पाउँदैनन् र पाइहालेछन् भने पनि राम्ररी काम गर्दैनन्। किनकि तिनले कहिल्यै आफूलाई मालिक ठान्दैनन्।

याद गर्नुहोस् जुन दिनबाट तपाईले आफूलाई मालिक ठान्नुहुन्छ तपाई त्यही दिनबाट मालिकले जसरी काम गर्न थाल्नु हुन्छ। जब तपाई मालिकले जसरी काम गर्नुहुन्छ तपाईलाई मालिक बन्न समय लाग्दैन। यदि कसैको जागिर नै खाएको भए पनि तपाईमा मालिक हुनुको अनुभूति विकास हुन्छ। यस्तो अनुभूतिले तपाईलाई जिम्मेवार बनाउँछ, तपाईको सोचमा परिवर्तन हुन्छ। सोचसँगै कर्ममा परिवर्तन हुन्छ। र, तपाईको कामले तपाईलाई जागिरमा समेत मालिक बनाएरै छाड्छ। तर, जबसम्म तपाई आफूलाई जागिरे, नोकर ठान्नुहुन्छ, तबसम्म तपाईको कामले राम्रो नतिजा दिँदैन। तपाईले गर्ने कामले राम्रो नतिजा नदिँदासम्म तपाईको महत्व खासै हुँदैन। जेनतेन जीवन चल्छ। आज धेरैको हविगत यस्तै छ। मालिक बन्न चाहनेले कर्मचारी वा जागिरेले जति मात्रै काम गरेर पुग्दैन। धेरै समय काम गर्नुपर्छ। जिम्मेवारी लिएर काम गर्नुपर्छ र बारम्बार जोखिम लिइरहनुपर्छ। मालिक बन्ने कि जागिरे ? यो आफैले रोज्ने र निर्णय गर्ने हो।

जागिरेमा पनि समय सक्ने जागिरे र काम सक्ने जागिरे हुन्छन्। जागिर खानेहरुको कामका लागि समय तोकिएको हुन्छ। त्यो समय सकिएपछि जागिरको वा हाजिराको पैसा पाइन्छ। त्यो पैसामा मात्रै ध्यान भएकाहरुले समय सक्न काम गर्छन्। काम के गर्नु गरे जस्तो गर्छन्। यी निम्न कोटीका कामदार वा जागिरे हुन्। अर्का एक खालका हुन्छन्। यस्ता खालका कामदार वा जागिरे काम सक्न काम गर्छन्। जस्तै मास्टरले कोर्ष पूरा गर्न छिटो-छिटो पाठ अगाडि बढाउँछन्। तर, विद्यार्थीले सिके/नसिकेको वास्ता गर्दैनन्। सरसफाईको कामको जिम्मा भएका मानिसले छिटो-छिटो काम त सक्छन्। तर, राम्ररी सफाई भए/नभएको वास्ता गर्दैनन्। यस्ता मानिसले काम सक्ने हतारोमा कामले के नतिजा दियो त्यो कहिल्यै ध्यान दिँदैनन्। यी मानिस पनि कहिल्यै मालिक हुन सक्दैनन्। आफ्नै काम गरेर पनि मालिक हुन सक्दैनन्। मालिक त त्यो हो जसले जहाँ र जस्तो अवस्थामा पनि आफूले गर्नुपर्ने कामलाई आफै मालिक हुँ भन्ने बोध गरेर काम गर्छन्। यस्ता मानिस सबैका लागि महत्वका हुन्छन्। भरोसायोग्य हुन्छन्। कामले दिने नतिजाको सधैं ख्याल गर्छन्। आफूले गरेको कामसँगै रमाउँछन् र कामको नतिजामा आनन्द एवम् खुशी महशुस गर्छन्।

हाम्रा स्कूल, कलेजहरु नोकर जन्माउने कारखाना भएका छन्। तिनले राम्रा नोकर जन्माउन सकेका भए त राम्रै मान्नु हुन्थ्यो। तर, तिनले धेरैजसो घटिया नोकर जन्माउने गरेकाले वेरोजगारी समस्याले उचाई लिइरहको छ। किशोर-किशोरी उमेरदेखि नै नोकर बन्ने चाहना राख्नेहरु कहिल्यै मालिक बन्दैनन्। १०/२० लाख रकम ऋण पाउने र खर्च गर्न सक्ने बाबुआमाका छोराछोरी विकसित मुलुकका नोकर बन्ने चाहना राख्छन्। एक/दुई लाख ऋण पाउने र खर्च गर्ने हैसियत भएकाहरु मलेशिया र खाडी मुलुक गए। त्यो हैसियत पनि नभएकाहरु भारतमा गएर नोकर बन्छन्। अहिलेको तितो सत्य हो। यो नोकर बन्ने सोचमा परिवर्तन गरेर मालिक बन्ने सोचको विकास आजको आवश्यकता हो।

# हराउँदै गएको मौलिकता



उदय मैनाली

मुठी खाएर मुरी उब्जाउने दिन अर्थात् असार १५ नेपाली कृषकहरुका लागि ज्यादै नै रमाइलो र महत्वपूर्ण दिन हो। कृषिप्रधान देशका हामी नेपाली कृषकहरु धेरै पहिला देखी असार १५ को प्रतिक्षामा रहेका हुन्छौं। यस दिनमा खेतमा रमाइलो गरी हिलो खेल्दै धान रोपिने परम्परा रहेको छ। अझ मानो रोपेर मुरी फलाउने उक्तिसँगै रोपाइँ गीत, बेठीको तालमा हो हो माले हो हो गर्दाको मज्जा नै अलग रहन्छ।

हुन त असार १५ अघि र पछि पनि धान रोपिन्छ, तर विशेषतः यस दिनमा धान रोप्नुको महत्व नै बेग्लै छ। असारे गीतको भाकामा स्वदेशी मात्रै होइन विदेशी पर्यटक पनि उत्तिकै आकर्षित हुने गर्दछन्। जनकवि केशरी धर्मराज थापाको हरियो डाँडामाथि हलो जोत्ने साथी भन्ने गीतको मधुरतासँगै गाउँघर, पाखापखेराका लोपोन्मुख पुराना गीतहरु आमा, दिदी, बहिनी र बुढापाकाले गाउँदा यो दिनको रौनकतामा सुनमा सुगन्ध थपेको आभाष हुन्छ। हाम्रो समाजमा अझै पनि असार १५ दहीचिउरा खानु, साउनको १५ खिर भन्ने उखान नै छ।

असार १५ ले केषकले मात्रै होइन पर्यटन क्षेत्रमा लागेकाहरुले पनि महत्वपूर्ण दिनका रुपमा मनाउने गर्दछन्। कृषकहरुसँगै पर्यटन व्यवसायीहरु र विदेशी पर्यटक पनि यो दिनको रमाइलोमा सरिक हुने गरेका छन्। उनीहरुले हिलो खेतमा विभिन्न प्रतियोगिता र प्रतिस्पर्धा गराएर असार १५ लाई नयाँ आयाम थपेका छन्। यसले गर्दा शहर बजारका सुकिलामुकिला पनि हिलो खेतमा देखिन थालेका छन्। जसले गर्दा यो दिनको सांस्कृतिक महत्व सँगसँगै आर्थिक महत्व पनि बढ्न पुगेको छ।

तर, यसको सांस्कृतिक पक्षमा दिनानुदिन कमी आउँदै गर्दा यो दिन मनाउने तौर तरिकामा पनि व्यापक परिवर्तन आउन थालेको छ। हिजो दहीचिउरा खाएर दिनभरि खेतमा काम गर्ने गर्थे भने आजकाल होटलको परिकार पस्कने र दुई/चार घण्टा रमाइलो गरेर जानेहरुको संख्या बढेको छ। यसले असार १५ को मौलिकता र रौनकतामा विकृति ल्याएको भान पनि नभएको होइन। अझ यस्तो मौलक दिनमा मन्त्रालय र सरकारी कार्यालयमा गमलामा मै धान रोपेर धान दिवस मनाउने गलत अभ्यासले हाम्रो संस्कृति र परम्परा माथि प्रहार गरिएका घटना यत्रतत्र हुन थालेका छन्। जसले गर्दा यसको मौलिकता कतै लोप हुने हो की भन्ने आशंका बढेको छ भने सामाजिक सञ्जालका भित्तामा अल्छीपाराले खाली ह्याप्पी असार १५ लेखेर यो पर्व मनाउने अवस्था आएको छ।

असार १५ वर्ष कै सबैभन्दा लामो दिन मानिने हुँदा आजदेखी दिन छोटा र रात लामो हुँदै जाने गर्दछ। यो दिनमा छुपुछुपुमा हिलोमा धान रोपेर आपसमा रमाउँदै रोपाहार र बाउसेहरु एकआपसमा हिलो छ्यापाछ्याप गरी हिलो खेल्दै अन्न दिने माटोप्रति माया र सम्मान देखाउँछन्। यसरी हिलो खेल्दा एकातर्फ मित्रता प्रगाढ भएर आउँछ र कुण्ठा घटेर जान्छ भने अर्कोतर्फ चर्मरोग



निको भएर जाने जनविश्वास रहेको छ।

देशको परिस्थिति जस्तो भए पनि हाम्रो परम्परा, संस्कृति र नेपालीपन धेरै जसो वैज्ञानिक र स्वास्थ्यका हिसाबले निकै उपयुक्त छन्। यिनै प्राकृतिक गुण, प्राकृतिक खाना र प्रकृतिसँग नजिक हुँदै रम्ने कला हामी नेपालीका पुर्खा र ऋषिमुनी विरासतमा छाडेर गएका हुन्। यसको जगेर्ना र उजागर गर्ने काम हाम्रो पुस्ताले पनि गर्नैपर्छ।

त्यसो त रोपाइँ कार्य हाम्रो सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक पक्षसँग अत्यन्त्यै नजिकबाट जोडिएको विषय हो। रोपाइँको पहिला दिन देवी-देवतालाई बीऊ चढाई परिपूर्ण र अन्नपूर्णको लागि पूजा आराधना गरी रोपाइँको श्रीगणेश गर्ने गरिन्छ। आधुनिक कृषि औजारको विकास भए पनि रोपाइँमा धेरै खेतालाहरुको जरुरत पर्ने भएकाले गाउँघरमा पालैपालो अर्मपर्म गरी रोपाइँ गर्ने परम्पराले गर्दा सामाजिक एकता र सद्भाव बढाउन यस दिनले ठूलो टेवा पुर्‍याएको छ।

हाम्रो देशमा समुद्री सतहको ७० मिटर उचाईमा रहेको झापाको केचनादेखि दुई हजार सात सात सय ८० मिटर उचाईमा रहेको जुम्लाको छुमचौरसम्म धानखेती हुने गर्दछ। विश्वको सबैभन्दा उच्च स्थानमा उब्जने जुम्लाको मार्सी धानको प्रख्यातीका कुरा त सर्वविदितै छ।

नेपाली कृषकहरुका लागि उत्सवको रुपमा रहेको असार १५ भएता पनि कतिपय ठाउँमा अझै पनि किसानहरु पुर्पुरोमा हात लगाएर बस्न बाध्य छन्। सहजरुपमा मलखाद उपलब्ध नहुँदा, उन्नत धानको बीऊबिजन नपाउँदा, सिँचाईको सहज वातावरण नहुँदा किसानम नैराश्यता कायम नै छ। तर पनि यो वर्ष सधैंको वर्षभन्दा छिटो मनुसुनी वर्षातले भने केही राहत दिलाएको छ। तथापि केही स्थानहरुमा मनुसुनले अझै किसानलाई ठग्ने गरेको छ। कुनै स्थानमा चाहिनेभन्दा बढी पानी परेको छ भने कहीँ पानीको थोपो नभएर किसान दुःखी छन्।

एउटा तथ्यांक अनुसार धान खेती हुने करिब ६० प्रतिशत भूमी अझै पनि आकाशे पानीको भरमा रहेको अवस्था छ। जसले देशको प्रमुख खाद्यबालीको रुपमा रहेको धानको उत्पादन बर्षेनि घट्दो छ। सिँचाई भएका ठाउँमा किसानले सहुलियतमा मल पाउन सकेका छैनन् भने सिँचाई नभएका ठाउँमा ब्याड समेत राख्न सकेका छैनन्। भूमिगत सिँचाईका लागि विद्युतको सहज छैन, डिप बोरिङको चोरी र उपकरणको अभावमा सिँचाईको हालत कमजोर बनेको छ। समग्रमा सुनका बाला फलाउने बेलामा किसानहरु पिडामा छन्। यसतर्फ सम्बद्ध निकायको नजर पर्न अति आवश्यक रहेको छ।

धान विश्व कै प्रमुख र पुरानो बालीमध्ये एक हो। यसको वैज्ञानिक नाम ओरिजा सेटिभा हो। यसको खेती हजारौं वर्ष पहिलेदेखि गरिँदै आएको इतिहास पाइन्छ। तर, यसको बीऊ कसरी विकास भएको भन्नेबारे स्पष्ट तथ्य फेला पर्न सकेको भने छैन। संसारक करिब ६० प्रतिशत मानिसको मुख्य खाना चामलजन्य खाद्यान्य नै हो। झन् एसियाली मुलुकको त ९० प्रतिशत जनसंख्या चामलबाट बनेका परिकार खाएर बाँचेका छन्।

# सुस्त मनस्थिति भएका बालबालिकालाई सहयोग



**बिर्तामोड, असार १५।** स्वामी श्री हरिदासजीले प्रथम प्रवचन शुरु गरेको दिनको अवसर पारेर राधा माधव समिति नेपाल बिर्तामोड शाखाले कनकाई नपा-१ जामुनवारीस्थित सुस्त मनस्थिती सरोकार समाज नेपालको बाल आवास गृहमा रहेका सुस्त मनस्थिति भएका बालबालिकालाई दैनिक उपभोग्य सामग्री प्रदान गरेको छ।

पञ्चममूल जगतगुरु श्रीकृपालुजी महाराजको एकमात्र नेपाली प्रचारक स्वामी श्री हरिदासजीले २०६६ साल असार १२ गतेदेखि जीवकल्याणार्थ विभिन्न शास्त्रको समन्वयात्मक प्रवचन शुरु गरेको र उक्त प्रवचनले मुलुकमा आध्यात्मिक तरङ्ग पैदा गरेकोले प्रथम प्रवचन शुरु गरेको दिनको अवसर पारेर उक्त सामग्री प्रदान गरिएको राधा माधव समिति नेपाल बिर्तामोड शाखाले जनाएको छ।

सुस्त मनस्थिती सरोकार समाज नेपालको बाल आवास गृहमा रहेका वालवालिकालाई चामल, चिनी, तेल, आलु , बिस्कुट लगायतका २० हजार मूल्य बराबरको दैनिक उपभोग्य सामग्री प्रदान गरिएको थियो। राधा माधव समिति नेपालकी डिवाइसी सदस्य अनुसिंह थापा, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले उक्त सामग्री सुस्त मनस्थिती सरोकार समाज नेपालकी अध्यक्ष भागीरथा चापागाईं पोखरेललाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, कनकाई नपा-१ का वडाध्यक्ष रोशनराज पोखरेल, राधा माधव समिति नेपालकी केन्द्रीय सदस्य अर्चना थापा, सुस्त मनस्थिती सरोकार समाज नेपालकी अध्यक्ष भागीरथा चापागाईं पोखरेल लगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा राधा माधव समिति नेपाल बिर्तामोड शाखाका सदस्यहरु दुर्गादेवी ढकाल, इन्दिरा थापा, रत्ना बुढाथोकी दाहाल, चन्द्रकान्त ढकाल, सुस्त मनस्थिती सरोकार समाज नेपालका सचिव गोविन्द निरौला लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन सुस्त मनस्थिती सरोकार समाज नेपाल भवन निर्माण समितिका सचिव शम्भुप्रसाद पोखरेलले गरेका थिए।

# एक्सेल बैंकको १४औं सभा




**बिर्तामोड, असार १५।** एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको १४औं साधारणसभा सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक हेमराज ढकालले स्वागत गरेका थिए।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार पोखरेलले बैंकका वर्तमान गतिविधिहरुको बारेमा मन्तव्य राखेका थिए भने संस्थापक शेयरधनीहरु गणेशप्रसाद खनाल र सुरेशकुमार अग्रवालले बैंकको उन्नती तथा प्रगतीका लागि शुभकामना मन्तव्य राखेका थिए।

वार्षिक साधारणसभाले आ.व.२०७५/०७६ को वितरण योग्य सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पुँजी रु. ६९ करोड २६ लाख ७४ हजारको १७.१० प्रतिशतका दरले बोनस शेयर र उक्त बोनस शेयर वापतको कर प्रयोजनको लागि ०.९० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। त्यस्तै प्रस्तावित बोनस शेयर जारी भई कायम हुने चुक्ता शेयर पुंजी रु. ८१ करोड ११ लाख २१ हजार दुई सय २४ रुपैयाँ ७२ पैसाको ३० प्रतिशतका दरले रु. २४ करोड ३३ लाख ३६ हजार तीन सय ६७ रुपैयाँ ४२ पैसाको हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पारित गरेको छ।

आ.व. २०७५।०७६ मा रु. १६ करोड ८४ लाख ७७ हजार मुनाफा गर्न सफल यस बकको हालसम्म लगानीमा रहिरहेको कर्जा लगभग रु. सात अर्ब ८४ करोड रहेको छ भने निक्षेप संकलन लगभग रु. नौ अर्ब २६ करोड गरेको छ। झापा जिल्लाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी र पाँचथरका विभिन्न ३७ स्थानमा अवस्थित आफ्ना कार्यालयहरु मार्फत ग्राहकसमक्ष बैंकिङ सेवा प्रदान गरिरहेको छ।

त्यस्तै बैंकले आगामी आ.व.मा आफ्नो कार्यक्षेत्रभित्रका झापा, मोरङ र सुनसरी जिल्लामा थप नयाँ शाखाहरु स्थापना गर्ने र निकट भविष्यमा १ नम्बर प्रदेशभर आफ्नो कारोवार सञ्चालन गर्ने उद्देश्यका साथ पुँजी वृद्धि योजना अघि बढाएको छ। कार्यक्रमको सञ्चालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए।

## माईमा कोरोना भेटियो

**माई, असार १५।** इलामको माई नगरपालिकामा आइतबार एक जनामा कोरोना पोजेटिभ भेटिएको छ। भारतको गुजरातबाट आएका माई-३, बरपानीका २५ बर्षीय युवामा कोरोना पुष्टी भएको स्वास्थ्य प्रमुख पुष्कर कट्टेलले जानकारी दिए।

गत असार ४ गते भारतको गुजरातबाट आएका उनको असार ९ गते पीसीआर परीक्षण गरिएको थियो। गरुवा बहुमुखी क्याम्पस माईमा रहेका १४ जना र फ्रन्ट लाइनका २४ जना गरी ३८ जनाको पीसीआर परीक्षण गरिएकोमा ३७ जनाको नेगेटिभ आएको थियो भने एकजनाको पोजेटिभ रिपोर्ट आएको छ। पोजेटिभ रिपोर्ट आएका व्यक्तिको गोठगाउँ कोरोना अस्पतालमा उपचार भइरहेको बताइएको छ।

यसैबीच उनीसँगै गुजरातबाट आएका माई-१० का २६ बर्षीय पुरुषलाई पनि पीसीआर नेगेटिभ आए पनि थप परीक्षणका लागि क्वारेन्टीनमा नै राखिएको बताइएको छ।

## आगलागीबाट नाबालिकाको मृत्यु

**भोजपुर, असार १५।** भोजपुरको अरुण गाउँपालिका-३ प्याउलीमा आगलागी हुँदा नाबालिकाको ज्यान गएको छ।

स्थानीय कर्णबहादुर कार्कीको घरमा आगलागी हुँदा उनकी ३ वर्षीया नातिनी विष्णुमायाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ।

आगलागीमा परी गम्भीर घाइते भएकी बालिकालाई प्राथमिक स्वास्थ्यचौकी प्याउलीमा उपचारपछि थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको थियो। बाटोमा लैजाँदै गर्दा बालिकाको स्वास्थ्य अवस्था झन गम्भीर भएपछि तत्काल जिल्ला अस्पताल धनकुटामा उपचारका लागि लगिएकोमा त्यही मृत्यु भएको प्रहरीको भनाइ छ।

विद्युत् चुहावट भई कार्कीको घरमा आगलागी हुँदा घरभित्र रहेका खाद्यान्न, नगद तथा लत्ताकपडा लगायत सम्पूर्ण सामान जलेर करिब रु. १७ लाख बराबरको क्षति भएको हो। आगलागी प्रहरी र स्थानीयबासीको सहयोगमा नियन्त्रणमा आएको थियो।

## कर्मचारीको तलब रोक्का

**ताप्लेजुङ, असार १५।** ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिकाको केन्द्रबाट कार्य सम्पादन नहुञ्जेल पालिकामा कार्यरत कर्मचारीहरुको तलब भत्ता साउनदेखिको रोक्का गर्ने निर्णय गरेको छ।

ताप्लेजुङ जिल्लामा एक नगरपालिका र आठ गाउँपालिका रहेको छ भने सात गाउँपालिकाले तोकिएको आफ्नै केन्द्रबाट शुरुदेखि नै कार्य सम्पादन गर्दै आएको छ। तर, मिक्वाखोला गाउँपालिकामा भने ताप्लेजुङको सदरमुकाम फुङलिङ बजारदेखि नै अहिले कार्य सञ्चालन हुँदै आएको छ।

गाउँपालिकाको सेवा लिन ताप्लेजुङको सदरमुकाम फुङलिङ नगरपालिकाको बजार पुग्नुपर्ने बाध्यता सेवाग्राहीले खेप्दै आएका छन्। स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको पनि तीन वर्ष पूरा भए पनि मिक्वाखोला गाउँपालिकाले आफ्नै केन्द्र थलङबाट कार्य सम्पादन गर्न सकिराखेको छैन।

सुरक्षा, टेलिफोन, इन्टरनेट, सडक साथै भौतिक संरचानाहरुको समस्या भएकोले अहिलेसम्म सदरमुकाममै बसेर कार्यसम्पादन गर्नुपरेको एक स्थानीय जनप्रतिनिधिले जानकारी दिए।

विभिन्न सञ्चारमाध्यमहरुले मिक्वाखोला गाउँपालिकाको कार्यालय सदरमुकैबाटै सञ्चालन भएको समाचार प्रकाशन तथा प्रसारण गरेको साथै विभिन्न ठाउँहरुबाट समेत मिक्वाखोला गाउँपालिकाको कार्यालयको विषयमा खिल्ली उडाउने काम भइरहेकोले मिक्वाखोला गाउँपालिकाकामा कार्यरत सबै कर्मचारी एक भएर आफनै केन्द्र थालङबाट कार्यसम्पादन नभएसम्म आफ्नो तलब तथा सेवासुविधा रोक्का गर्ने निर्णयमा पुगेको मिक्वाखोला गाउँपालिकाको प्रमुख प्रसाशकीय अधिकृत योगेन्द्रराज गुरुङले बताए।

मिक्वाखोला गाउँपालिकामा कार्यरत स्थायी १८ करार १५ कर्मचारी छन् भने स्वास्थ्यतर्फ २६ र शिक्षातर्फ कर्मचारी तथा शिक्षक कार्यालय सहयोगी एक सय ५६ गरी जम्मा दुई सय १५ जना कर्मचारीको सहमतिमा तलब भत्ता साउनदेखिको रोक्का गर्ने निर्णय गरेको प्रमुख प्रसाशकीय अधिकृत गुरुङ जानकारी दिए।

पालिकाको आफ्नै भवनबाट कार्यसम्पादन नभएसम्म पालिकामा कार्यरत सबै कर्मचारीले सेवासुविधा तलब नलिने भए पनि जनप्रतिनिधि भने सेवासुविधा लिने/नलिने भन्ने विषयमा अहिलेसम्म मौन रहेका छन्।

## बुद्धशान्ति प्रेस क्लवको छ बुँदे माग



**बुधबारे, असार १५।** क्रियाशिल पत्रकारहरुको संगठन बुद्धशान्ति प्रेस क्लबले बुद्धशान्ति गाउँपालिकामा छ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ।

सञ्चारकर्मी तथा सञ्चार संस्थाका विषयमा गाउँपालिका गम्भीर नभएको, महत्वपूर्ण विषय र कार्यक्रममा सञ्चारकर्मीलाई बेवास्ता गरिएको भन्दै जनताका लागि सहज सूचनाको पहुँच मिलाउन माग राख्दै ध्यानाकर्षण पत्र बुझाएको हो। बुद्धशान्ति प्रेस क्लबका अध्यक्ष अनिल वाग्लेको नेतृत्वमा गएको टोलीले बुद्धशान्ति गाउँपालिका अध्यक्ष रमेशकुमार भुजेल, उपाध्यक्ष मिरा भुर्तेललाई छ बुँदे ध्यानाकर्षण पत्र बुझाएको थियो।

बुद्धशान्ति गाउँपालिकाका प्रत्येक सञ्चारमाध्यममा समानुपातिक लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउनुपर्ने, कम्तिमा प्रत्येक तीन महिनामा गाउँपालिकाका गतिविधिका बिषयमा पत्रकारसँग अन्तरक्रिया गर्नुपर्ने, जनताले हरेक कुराको सूचना पाउनुपर्ने र त्यसका लागि सूचना पाउने कुरामा पत्रकारलाई महत्वमा राखेर सूचना प्रवाह गर्ने, राष्ट्रिय सञ्चारमाध्यममा दिइने विज्ञापन, सूचना प्रकाशित गर्दा स्थानीय बिज्ञापन एजेन्सी वा स्थानीय पत्रकार मार्फत दिइनुपर्ने, गाउँपालिकाले गर्ने महत्वपूर्ण कार्यक्रमहरुमा सञ्चारमाध्यम र सञ्चारकर्मीलाई पूर्व आधिकारिक जानकारी नदिने गरिएकोमा आगामी दिनमा सहज सूचनाको व्यवस्था मिलाउनुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ।

त्यस्तै गाउँपालिकाका सञ्चार संस्थाको लगत राख्नुपर्ने, पत्रकार र सञ्चार संस्थालाई दर्बिलो र प्रभावकारी बनाउन तालिम, गोष्ठीको सञ्चालनका लागि बजेट विनियोजन गर्न समेत बुद्धशान्ति प्रेस क्लबले माग गरेको छ।

कार्यक्रममा बुद्धशान्ति प्रेस क्लबका अध्यक्ष अनिल वाग्ले, सल्लाहकार उमाकान्त खनाल, पत्रकार बिष्णु लामिछाने लगायतले आफ्नो आफ्नो धारणा राखेका थिए। बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत इन्द्रप्रसाद चापागाईं, बुद्धशान्ति २ का वडाध्यक्ष दिलीप श्रेष्ठ, वडा नं. ४ का वडाध्यक्ष बुद्धिमान लिम्बू, वडा नं. ७ का वडाध्यक्ष मातृका पौडेल लगायतको आतिथ्य रहेको थियो।

बुद्धशान्ति प्रेस क्लबका उपाध्यक्ष आयुष निरौला, सचिव दीपेन लावती, सहसचिव रोशन भट्टराई, कोषाध्यक्ष नविना कुइँकेल लगायतको सहभागिता रहेको कार्यक्रममा ध्यानाकर्षण पत्र बुझ्दै गाउँपालिका अध्यक्ष भुजेलले यस विषयमा आफूहरुको सकारात्मक भूमिका रहने आश्वासन दिएका छन्।

## लागूऔषधसहित भण्डारी पक्राउ

**झापा, असार १५।** झापाको गौरादह( ४ डोरामारीका ३४ बर्षीय सुमन भण्डारी लागूऔषधसहित पक्राउ परेका छन्।

कमलगाउँपालिका-५ लवडाँडास्थित राजमार्गमा मे ५ प ७५९८ नम्बरको मोटरसाईकलमा आएका भण्डारीलाई चेकजाँच गर्ने क्रममा उनको साथबाट २ ग्राम ९५ मिलिग्राम खैरोहिरोइन ब्राउनसुगर फेला पारेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## कुलोमा डुबेर मृत्यु

**ताप्लेजुङ, असार १५।** ताप्लेजुङ श्रीजंघा-१ जौबारीका ७ बर्षीय रवीन दर्जीको कुलोमा डुबेर मृत्यु भएको छ।

घरबाट निस्किएका रवीन अबेरसम्म पनि घर नफर्किएपछि खोजी गर्ने क्रममा उनलाई घर नजिकै रहेको नेबु खोलाको छेउमा खनिएको कुलोमा मृत अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ।

घटनाको जानाकरी पाउना साथ गएको प्रहरीको टोलीले कानूनी कारबाही गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ।


**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४



**वर्गीकृत विज्ञापन**

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२


## भद्रपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश नेपाल

## बोलपत्र (टेण्डर) आह्वान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६० र ६२ बमोजिम 'आन्तरिक आर्य संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ अनुसार नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७५०७८ वर्ष १ (एक) र विज्ञापन कर (तीन) वर्षको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक स्वदेशी तथा विदेशी व्यक्ति, फर्म वा संस्थाले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपशिलमा उल्लेखित समय र मितिभित्र छुट्टाछुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला हुने सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारी लागि कार्यालयको सूचना पार्टीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्नु होला।

| विवकरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिवृद्धि कर बाहेक | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| चौपाया (पशु) हाट बजार सेवा शुल्क | आ.व.२०७७/७८ १ (एक) को लागि | २९, १२,१२५।०० | १,०००।- | १५औं दिनसम्म २०७७/०३/२६ गते कार्यालय समयसम्म | १५औं दिन २०७७/०२/०८ गते १:०० बजेसम्म | १६औं दिन २०७७/०३/२८ गते २:०० बजेपछि |
| दैनिक अस्थायी हाट बजार सेवा शुल्क | आ.व. २०७७/७८ १ (एक) को लागि | १४,८६,०००।०० | १,०००।- | | | |
| भद्रपुर-८ स्थित अतिथि गृहतर्फ जाने बाटोको पार्किङ्ग शुल्क | आ.व. २०७७/७८ १ (एक) को लागि | २,६३०००।०० | ३००।०० | | | |
| नामकर | आ.व.२०७७/७८ १ (एक) को लागि | ३१,३५०।०० | ३००।०० | | | |
| भद्रपुर-५, स्थित बसपार्कको पार्किङ्ग शुल्क | आ.व.२०७७/७८ १ (एक) को लागि | ३६५,०००।०० | ३००।०० | | | |
| विज्ञापन कर | आ.व.२०७७/७८ देखि २०७९/८० सम्म ३ (तीन)को लागि | ३,३७,६३६।०० | ३००।०० | | | |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्राप्त गरेको ज्ञान अरुलाई बाँड्ने बेला पनि हो। व्यवसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ। छोराछोरीबाट सन्तोष हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अध्ययन, अध्यापन र लेखनको कार्यमा खासै तत्परता देखिँदैन। आफन्तले कुरा सुन्न र समय दिन सक्दैनन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ। स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने सम्भावना छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** विद्वान् र प्राज्ञिक व्यक्तिहरूबाट सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ। विदेश वा दूरदराजमा बसेका व्यक्तिहरूसँग सुमधुर सम्बन्ध कायम हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** धार्मिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा संलग्न हुन मन लाग्नेछ। व्यवसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ। दाजुभाइको प्रगतिको समाचार सुन्न पाइएला। पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहने छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** साथीहरूसित मनोरञ्जन गर्ने अवसर जुर्नेछ। तर, सोमबारदेखि बुधबारसम्म घरायसी वातावरणमा केही धमिलोपन आउने छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सामान्य कुराले पनि मन पिरोल्नेछ। मानसिक अशान्ति र बेचैनी हुने योग छ। पढाइमा जाँगर चल्दैन।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। त्यस्तै आजको दिनमा प्रतिद्वन्द्वीहरूसित सतर्क रहने समय हो।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिवारमा पनि वैचारिक मतभेद देखापर्ने सम्भावना छ। जीवनसँगीसित ठाकठुक पर्न सक्छ। मानसिक तनावको सिर्जना हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** धनधान्य बृद्धि हुने साता छ, शुरुमा सामाजिक र व्यक्तिगत प्रतिष्ठा स्थापना गर्ने मौका छ। पढाइलेखाइको क्षेत्रमा प्रगति हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ। पारिवारिक जमघट हुनेछ। वस्त्र, अलङ्कार आदि खरिद गर्ने योग छ।